# सन्दकपुर गाउँपालिका, खानेपानी व्यवस्थापन ऐन, २०७८

**गाउँसभाबाट स्विकृत मिति: २०७८/०९/२१**

**प्रमाणीकरण मिति: २०७८/०९/२३**

प्रस्तावना: आम नागरिकको पहिलो र अनिवार्य आधारभूत आवश्यकता स्वच्छ र स्वास्थ्यकर खानेपानी हो । आम नागरिकलाई खानेपानी उपलब्ध गराउने महत्वपूर्ण दायित्व स्थानीय सरकारको हो र आम नागरिकको सरल र सहज पहुँच खानेपानी सेवामा पुऱ्याउने परम कर्तव्य गाउँपालिकाको भएको हुदाँ यो उद्देश्य पुरा गर्न नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ३ को दफा ११ उपदफा २ (ध) को (१) र (२) को व्यवस्थालाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरि आम नागरिकलाई खानेपानीको सेवा, सुविधा उपलब्ध गराउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सन्दकपुर गाउँपालिका खानेपानी व्यवस्थापन ऐन, २०७८ निर्माण गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम " सन्दकपुर गाउँपालिका खानेपानी व्यवस्थापन ऐन, २०७८" रहेको छ ।(२) यो ऐन गाउँसभाले स्वीकृत गरी सन्दकपुर गाउँपालिका राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२ .परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

((क) **"गाउँपालिका"** भन्नाले सन्दकपुर गाउँपालिका सम्झनुपर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले सन्दकपुर गाउँ गर कार्यपालिका सम्झनुपर्छ ।

(ग) **"वडा समिति"** भन्नाले सन्दकपुर गाउँपालिकाको वडा समिति सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले सन्दकपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले सन्दकपुर गाउँकार्यपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(च) **"वडा अध्यक्ष"** भन्नाले सन्दकपुर गाउँपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले सन्दकपुर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) **"सदस्य"** भन्नाले सन्दकपुर गाउँ कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्ष समेतलाई जनाउछ ।

(झ) **"सभा"** भन्नाले गाउँसभालाई सम्झनुपर्छ ।

(ञ) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

(ट) **"खानेपानी"** भन्नाले आम नागरिकहरुलाई प्राकृतिक रुपमा आवश्यक पर्ने पानीलाई सम्झनुपर्छ । साथै घरेलु तथा औधोगिक उपयोगको लागि आपूर्ति गरिने पानीलाई समेतसम्झनुपर्छ ।

(ठ) **"संरचना"** भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, सुदृढीकरण गर्न वा वितरण गर्न बनाइएको जलासय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनुपर्छ र सो शब्दले त्यस्तै उदेश्यले बनाएको पानीटेङ्की, पाइप लाइन, निकास धारा वा त्यस्तै प्रकारको अन्य संरचनालाई समेत सम्झनुपर्छ ।

(ड) **"स्रोत"** भन्नाले भूसतह वा भूमिगत रुपमा रहेको खानेपानीको स्रोतलाई सम्झनुपर्छ ।

(ढ) **"पानी आपूर्तिकर्ता"** भन्नाले उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने अनुमति प्राप्त व्यक्ति, संस्था, प्रा.लि., वडा समूह वा समितिलाई सम्झनुपर्छ ।

(ण) **"सेवा"** भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनुपर्छ ।

(त) **"उपभोक्ता"** भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति, संघसंस्था वा निकाय सम्झनुपर्छ ।

(थ) **"सेवा शुल्क"** भन्नाले सेवा उपभोग गरे वापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने सेवा शुल्क सम्झनुपर्छ र यो शब्दले विलम्ब शुल्क समेतलाई जनाउछ ।

(द) **"संयोजक"** भन्नाले गाउँपालिकाले गठन गरेको सञ्चालक समिति(वोर्ड) को संयोजकलाई सम्झनुपर्छ ।

(ध) **"धारा"** भन्नाले खानेपानीको उपभोग गर्नका निमित्त पानी आपूर्तिकर्ताले कुनै व्यक्ति, संघसंस्था वा निकायको नाममा जडान गरिदिएको धारा सम्झनुपर्छ ।

(न) **"जलस्रोत समिति"** भन्नाले गाउँपालिका क्षेत्रभित्र खानेपानी तथा सिंचाई उपभोक्ता समितिहरुलाई अनुमति दिन गाउँपालिकाले गठन गरेको समितिलाई सम्झनुपर्छ ।

(प) **"सञ्चालक समिति (वोर्ड)"** भन्नाले संघीय तथा प्रदेश सरकार, गाउँपालिका वा अन्य निकायले निर्माण गरि सञ्चालनको लागि हस्तान्तरण गरेका खानेपानी आयोजना वा निर्माण गर्नुपर्ने आयोजना सञ्चालन गर्न गाउँपालिकाद्धारा गठन भएको सञ्चालक समिति (वोर्ड)लाई सम्झनुपर्छ ।

(फ) **"उपभोक्ता समिति"** भन्नाले संघीय तथा प्रदेश सरकार, गाउँपालिका वा अन्य निकायले पाँच सय धाराभन्दा कम धारा भएको खानेपानी आयोजना निर्माण तथा सञ्चालन गर्न कानून बमोजिम गठन भई दर्ता भएको उपभोक्ता समिति तथा सिंचाई कुलो उपभोक्ता समितिलाई सम्झनुपर्छ ।

(ब) **"उपभोक्ता समूह"** भन्नाले व्यक्तिगत धारामा पहुँच राख्न नसक्ने नागरिकहरुको लागि खानेपानी सेवा उपभोग गर्न वडा समितिले गठन गरिदिएको समूह सम्झनुपर्छ ।

(भ) **"तोके बमोजिम"** भन्नाले यस ऐन र अन्तर्गत बनेको नियम, कार्यविधि र निर्देशिकामा तोके बमोजिम भन्ने सम्झनुपर्छ ।

(म) **"तोकिएको अधिकारी"** भन्नाले प्रचलित संघीय ऐन बमोजिम अनुसन्धान तहकिकात गर्ने र निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्छ ।

(य) **"मर्मतसम्भार कोष"** भन्नाले खानेपानी आयोजना मर्मत सम्भार गर्न सेवा शुल्कबाट स्थापना तथा सञ्चालन गरेको मर्मत सम्भार कोषलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## खानेपानी स्वामित्व र उपभोग नीति

३. **खानेपानी स्वामित्व** : (१) गाउँपालिकाभित्र रहेका कुनैपनि प्रकारको खानेपानीको स्वामित्व संघीय तथा प्रदेश सरकार र गाउँपालिकाको हुनेछ ।

(२) जलस्रोतको प्रयोगको क्रममा खानेपानी पहिलो प्राथमिकतामा रहनेछ ।

(३) स्वच्छ र स्वास्थ्य खानेपानी प्राप्त गर्ने नागरिकको अधिकार हुनेछ ।

(४) खानेपानी सेवा प्राप्त गर्ने सन्दर्भमा कुनैपनि नागरिकलाई भेदभाव गर्न पाइनेछैन । तर प्राविधिक दृष्टिकोणले समस्या उत्पन्न हुने स्थानमा सेवा विस्तार गर्न सम्भव नभएमा त्यसलाई भेदभाव मानिने छैन ।

४. **खानेपानी उपयोग** : (१) यस ऐन बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि खानेपानी स्रोत उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम खानेपानी स्रोतको उपयोग गर्न अनुमति लिनु पर्ने छैन :

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न ।

(ख) घरेलु उद्योगको रुपमा पानीघट्ट सञ्चालन गर्न,

(ग) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सिमित रहेको खानेपानी स्रोत उपयोग गर्न ।

५. खानेपानीको उपयोग गर्ने व्यक्ति, संगठित संस्था, कम्पनीले अरुलाई मार्का नपर्ने गरी लाभदायिक तरिकाले उपयोग गर्नु पर्दछ ।

## परिच्छेद-३

## जलस्रोत समितिको गठन, काम कर्तव्य अधिकार र अनुमति पत्र

६. **जलस्रोत समिति** : (१) गाउँपालिकाभित्र खानेपानी तथा सिंचाई कुलो निर्माण तथा सञ्चालन गर्न अनुमति प्रदान गर्न देहाय बमोजिम जलस्रोत समिति रहनेछ ।

(क) वडा अध्यक्ष तथा कार्यपालिका सदस्य मध्ये अध्यक्षले तोकेको १ जना - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकको १ जना अधिकृत - सदस्य सचिव

(ग) गाउँपालिका भित्र दर्ता भएका उपभोक्ता समितिको अध्यक्ष मध्ये १ जना -सदस्य

(२) उपदफा (१) बमोजिम गठन भइको जलस्रोत समितिको पदाधिकारी तथा सदस्यहरुको पदावधि आफ्नो पदाधिकार रहेसम्म कायम रहनेछ ।

७. **जलस्रोत समितिको काम कर्तव्य र अधिकार** : (१) जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन :

(क) खानेपानी तथा सिंचाई कुलो निर्माण तथा सञ्चालन गर्न चाहने उपभोक्ता समितिलाई कानून अनुसार दर्ता गर्ने,

(ख) उपभोक्ता समतिको कामको अनुगमन गर्ने, निर्देशन गर्ने र सहयोग गर्ने,

(ग) संगठित कम्पनी, सहकारीले खानेपानी आयोजना निर्माण गर्न, खानेपानीको औधोगिक र व्यावसायिक प्रयोग गर्न, उद्योग स्थापना गर्न सिंचाई कुलो निर्माण सञ्चालन गर्न अनुमति माग गरेमा अध्ययन गरि नगर कार्यपालिकामा राय सहित निर्णयको लागि पेश गर्ने ।

(घ) गाउँ कार्यपालिकाले तोकेको अन्य कामहरु गर्ने गराउने,

(ङ) आफ्नो सञ्चालन कार्यविधि निर्माण गर्ने तथा आफ्नो कार्यालय तोक्ने,

८. **अनुमतिको व्यवस्था** : (१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठितसंस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरणहरु खुलाई जलस्रोत समिति समक्ष अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेका दरखास्तमा जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको लागि अनुमति पत्रका लागि पन्ध्र दिनभित्र र जलस्रोत उपयोगको अनुमतिका लागि तीस दिनभित्र आवश्यक शर्तहरु तोकी दरखास्तवालालाई अनुमति पत्र दिनु पर्नेछ ।

(३) दफा (४) को उपदफा (२) बमोजिम हुने बाहेक यो ऐन प्रारम्भ हुनभन्दा अगावै देखि जलस्रोत उपयोग गरिरहेका व्यक्ति वा संगठित संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिदेखि एक वर्षभित्रमा जलस्रोत समिति समक्ष अनुमतिको लागि दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेका दरखास्तमा जलस्रोत समितिले आवश्यक जाँचबुझ गरि दरखास्त परेको मितिले तीस दिनभित्र अनुमति दिनु पर्नेछ ।

(५) अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले जलस्रोत उपयोग गरे वापत गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर र वार्षिक शूल्क बुझाउनु पर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्थाले आफ्नो अनुमतिपत्रको विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा जलस्रोत समितिको स्वीकृतीबाट मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद-४

## सञ्चालक समिति, उपभोक्ता समिति र उपभोक्ता समुह गठन, काम कर्तव्य र अधिकार

९. **सञ्चालक समिति (बोर्ड)** : (१) संघीय तथा प्रदेश सरकार, गाउँपालिका र अन्य दातृ निकायले निर्माण गरी सञ्चालन, व्यवस्थापन गर्न गाउँपालिकाले देहाय बमोजिम सञ्चालक समिति (वोर्ड)गठन गर्नेछ ।

(क) वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु मध्ये प्रमुखले तोकेको १ जना– संयोजक

(ख) वडा सदस्यहरु मध्ये महिला, दलित, जनजातिबाट गाउँ कार्यपालिकाले तोकेको जम्मा ४ जना - सदस्य

(ग) गाउँपालिकामा दर्ता भई क्रियाशील उपभोक्ता समितिको अध्यक्षहरु मध्येबाट प्रमुखले मनोनित गरेको २ जना - सदस्य

(घ) खानेपानी उपभोक्ता महासंघको गाउँस्तरीय समितिको प्रतिनिधि १ जना – सदस्य

(ङ) उपभोक्ताहरु मध्ये अध्यक्षले मनोनयन गरेको २ जना महिला - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको इन्जिनियर १ जना -सदस्य सचिव

(छ) सञ्चालक समितिले आफूमध्ये १ जना उपाध्यक्ष आफै छनौट गर्नेछ ।

१०. **सञ्चालक समिति (वोर्ड) को पदावधि** : (१) सञ्चालक समिति (वोर्ड) को पदावधि मनोनयन गरेको मितिदेखि ३ वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पदावधिमा निर्वाचित जनप्रतिनिधिको पद समाप्त भएपछि स्वतः पदावधि समाप्त हुनेछ ।

११. **सञ्चालक समिति (वोर्ड) को काम कर्तव्य अधिकार** : (१) सञ्चालक समिति(वोर्ड) को काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :

(क) खानेपानी सेवा सञ्चालन गर्ने, अनुगमन गर्ने, निर्देशन गर्ने र नियन्त्रण गर्ने ,

(ख) खानेपानी सेवा सञ्चालन गर्न आवश्यक जनशक्ति स्रोत साधनको लागि गाउँपालिकामा माग पेश गर्ने,

(ग) खानेपानी सेवाको निर्धारित गुणस्तर कायम राख्ने, मर्मत संभार गर्ने, सेवा विस्तार गर्ने कार्यको योजना बनाइ गाउँपालिकामा पेश गर्ने,

(घ) नयाँ आयोजनाको संभाव्यता अध्ययन गरि आयोजना सञ्चालनको लागि गाउँपालिकामा पेश गर्ने,

(ङ) सेवा शुल्क तथा अन्य शुल्क र जरिवाना निर्धारण गर्न गाउँपालिकामा हरेक बर्ष बैशाख महिनासम्म पेश गर्ने,

(च) खानेपानी उपभोक्ता समितिले सञ्चालन गरेको सेवाको सेवा शुल्क निर्धारण गर्न उपभोक्ता समितिबाट राय लिई बैशाख मसान्तभित्र गाउँपालिकामा पेश गर्ने,

(छ) सेवाग्राही उपभोक्ताको मागको आधारमा धारा जडान गर्न स्वीकृती प्रदान गर्ने,

(ज) गाउँपालिकाले तोकेको अन्य काम गर्ने गराउने ।

१२. **उपभोक्ता समितिको गठन** : (१) ५०० वटासम्म निजी धारा सञ्चालन गरि सामुहिक लाभको लागि परियोजनाको विकास तथा निर्माण गरि त्यसबाट लाभान्वित हुन चाहने व्यक्तिहरुले उपभोक्ता समिति गठन गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम गठन गरिने उपभोक्ता समितिको कार्यकारी समितिमा कम्तिमा तीन महिला सहित नौं सदस्य समिति गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ जनापदाधिकारी अनिवार्य महिला हुनपर्नेछ ।

(४) एक धारा एक सदस्यको सिद्धान्तमा आधारित भएर मात्र उपभोक्ता समितिमा मताधिकार कायम गरिनेछ । एक व्यक्तिको नाममा जतिसुकै धारा भएपनि एक वटा मात्र मताधिकार रहने छ ।

१३. उपभोक्ता समिति गठन, दर्ता तथा सञ्चालन गर्न गाउँपालिकाले स्वीकृत गरेको विद्यान हुनुअनिवार्य हुनेछ र सो विद्यानमा देहायका विषयहरु खुलाएको हुनुपर्नेछ ।(क) उदेश्य तथा कार्यक्षेत्र,

(ख) सदस्यताको लागि योग्यता,

(ग) सदस्यता शूल्क र सदस्यता प्रदान गर्ने विधि,

(घ) सदस्यताको अयोग्यता,

(ङ) साधारणसभाको गठन,

(च) साधारणसभा, अधिवेशन,

(छ) साधारणसभाको काम कर्तव्य र अधिकार,

(ज) कार्य समितिको गठन,

(झ) कार्यसमितको बैठक,

(ञ) कार्यसमितिको काम, कर्तव्य र अधिकार,

(ट) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार,

(ठ) निर्वाचन सम्बन्धि व्यवस्था,

(ड) अविश्वासको प्रस्ताव,

(ढ) आर्थिक,

(ण) चल अचल सम्पत्तीको विवरण,

(त) कोष,

(थ) लेखा परीक्षण,

(द) विधान संशोधन,

(ध) विनियम बनाउन सक्ने,

(न) अन्य आवश्यक कुरा ।

१४. **दोहोरो उपभोक्ता समिति दर्ता नगरिने** : (१) कुनै पनि स्रोतको उपभोग गर्न समिति दर्ता भइसकेपछि सोहि प्रयोजनका लागि अर्को उपभोक्ता समिति गठन गरिने छैन ।

(२) कुनै स्रोतको उपभोग गर्न उपभोक्ता समिति दर्ता भइसकेको अवस्थामा पानीको परिमाणमा कटौती हुने गरि सोही क्षेत्रको कार्य क्षेत्रभित्र अर्को उपभोक्ता समिति गठन गरिने छैन ।

१५. **स्रोतको खानेपानीमा उपभोक्ताको अधिकार कायम रहने** : (१) दफा (१२) बमोजिम उपभोक्ता समिति दर्ता भएपछि उपभोक्ता समितिले उपभोग गर्न तोकिएको हदसम्मको परिमाण बराबर पानीको स्रोतमा उपभोक्ता समितिको अधिकार कायम रहनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुअघि संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका वा अन्य कुनै निकायले विकास गरेको खानेपानी आयोजना सञ्चालन गर्न कुनै उपभोक्ता समितिलाई हस्तान्तरण गरेको भए त्यस्तो उपभोक्ता समितिले उपयोग गर्ने हदसम्मको परिमाण बराबर पानीको स्रोतमा त्यस्तो उपभोक्ता समितिको अधिकार कायम रहनेछ ।

१६. **उपभोक्ता समिति संगठित संस्था हुने** : (१) उपभोक्ता समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता समितिको सवै काम कारवाहिको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समितिले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ

(४) उपभोक्ता समितिले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता समिति उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

१७. **उपभोक्ता समूह** : (१) निजी धारा राख्न नसक्ने विपन्न खानेपानी उपभोक्ताहरुलाई खानेपानी सेवा उपलब्ध गराउन उपभोक्ताहरु मध्येबाट सम्बन्धित वडा समितिले दुई महिला सदस्य सहित पाँच सदस्यीय उपभोक्ता समूह गठन गरिदिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपभोक्ता समूहमा संयोजक १ र सचिव १ रहनेछन ।

(३) उपभोक्ता समूहको पदावधि मनोनयन भएको मितिले २ वर्षको हुनेछ ।

(४) उपभोक्ता समूहको पदाधिकारी तथा सदस्यको पदावधि रहदै कुनै कारणले रिक्त भएमा बाँकी अवधिको लागि वडा समितिले पदपूर्ती गरिदिनेछ ।

(५) उपभोक्ता समूहको पदाधिकारी तथा सदस्य हुन साधारण सदस्य हुनु पर्नेछ । साधारण सदस्यको योग्यता वडा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **उपभोक्ता समूहको काम कर्तव्य र अधिकार** : उपभोक्ता समूहको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) खानेपानी सेवालाई सुरक्षित, स्वस्थ र नियमित गर्ने गराउने,

(२) खानेपानीको सेवा विस्तार गर्ने काममा सहयोग गर्ने,

(३) खानेपानीको सेवा शुल्क साधारण सदस्यहरुको भेलाबाट निर्धारण गर्ने,

(४) साधारण सदस्यहरुको आर्थिक क्षमता विकास गर्न सहयोग गरि निजी धारा जडान गर्न प्रेरित गर्ने,

(५) नगरपालिकाले तोकेको अन्य काम गर्ने गराउने ।

## परिच्छेद -५

## स्रोत, अनुमतिपत्र

१९. **स्रोत उपर अधिकार कायम रहने** : अनुमति प्राप्त व्यक्ति, संघसंस्थालाई अनुमतिपत्रमा उल्लेखित हदसम्मको परिमाण बराबरको पानीको स्रोतमा त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्ति, संघसंस्थाको अधिकार कायम रहनेछ ।

२०. **अनुमतिपत्रको नवीकरण** : (१) अनुमतिपत्रको अवधि समाप्त हुनभन्दा अगावै अनुमतिपत्र प्राप्तव्यक्ति, संघसंस्थाले अनुमतिपत्र नवीकरणको लागि रु १०००।-(एक हजार) दस्तुर सहित समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) दफा (१) बमोजिम अनुमतिपत्र नवीकरण नगरेमा त्यसको मनासिव कारण खुलाई आमतिपत्र वहाल रहने अवधि समाप्त भएको मितिले पैतिस दिनभित्र अनुमतिपत्र प्राप्त व्यक्ति, संघसंस्थाले सञ्चालक समिति ( वोर्ड)समक्ष निवेदन दिन सक्नेछ र यसरी दिएको निवेदन उपरजाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले अनुमतिपत्र नविकरण गर्न सक्नेछ ।

२१. **अनुमतिपत्रको विक्री वा हस्तान्तरण** : (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले आफूले पाएको अनुमतिपत्र विक्री वा अन्य तवरले हस्तान्तरण गर्न चाहेमा सञ्चालक समिति (वोर्ड) समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सञ्चालक समितिले सो निवेदन उपर जाँचबुझ गरी अनुमतिपत्र खरिद गर्ने वा लिने व्यक्ति वा संगठित संस्थाको आर्थिक स्थिति समेत विचार गर्दा अनुमतिपत्र विक्री वा हस्तान्तरण गर्ने स्वीकृति दिन हुने देखिएमा सञ्चालक समितिले आवश्यक शर्तहरु तोकी अनुमतिपत्र विक्री वा अन्य तवरले हक हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२२. **अनुमतिपत्रमा संशोधन गर्नु परेमा** : (१) अनुमतिपत्र प्राप्त व्यक्ति, संस्थाले आफूले पाएको अनुमतिपत्रमा उल्लेखित कुनै कुरा संशोधन गर्न चाहेमा सञ्चालक समिति (वोर्ड) समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सञ्चालक समिति (वोर्ड)ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा व्यहोरा मनासिव देखेमा अनुमतिपत्रमा संशोधन गरी दिनेछ ।

२३. **स्रोत उपयोग गरे वापत बुझाउनु पर्ने शुल्क** : अनुमतिपत्र प्राप्त व्यक्ति, संस्थाले स्रोतको उपयोग गरेवापत प्रत्येक वर्ष गाउँपालिकालाई रु ५०००।-(पाँच हजार) शुल्क बुझाउनु पर्नेछ ।

## परिच्छेद-६

## स्रोत उपयोगको विवाद समाधान

२४. **स्रोत उपयोग विवाद निरुपण समिति** : (१)उपभोक्ता समितिले विकास तथा सञ्चालन गर्ने परियोजनाको स्रोत उपयोग सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु भएको एक स्रोत उपयोग विवाद निरुपण समिति रहनेछ

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका अध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) खानेपानीको स्रोतमा स्थानीय नागरिकको अग्राधिकार रहनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुमतिपत्र प्राप्त व्यक्ति, संस्थाले विकास तथा सञ्चालन गर्ने परियोजनाको स्रोत उपयोगको सम्बन्धमा विवाद उत्पन्न भएमा विवाद समाधान स्रोत उपयोग निरुपण समितिले नै गर्नेछ।

२५. **स्रोत उपयोग सम्बन्धमा उजुरी गर्न सक्ने** : (१) कुनै स्रोतको उपयोगबाट कसैलाई मर्का पर्ने भएमा मर्का पर्ने व्यक्ति वा संगठित संस्थाले त्यसको कारण खुलाई स्रोत उपयोग विवाद निरुपाण समिति समक्ष उजुरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा स्रोत उपयोग विवाद निरुपण समितिले स्रोत उपयोग गर्ने परियोजनाको स्थलगत निरीक्षण गरी अन्य कुराहरुको अतिरिक्त देहायका विषयमा जानकारी लिनु पर्नेछ :

(क) परियोजनाको कुल लागत खर्च,

(ख) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या

(ग) परियोजना सम्बन्धमा स्थानीय समुदायको आवश्यकता र जन चाहना,

(घ) दैनिक उपयोग गरिने खानेपानीको परिमाण,

(ङ) परियोजना सञ्चालन गर्दा अन्य व्यक्ति वा समुदायलाई पर्न गएको असर र उनीहरुकोप्रतिकृया,

(च) वातावरणमा पर्न जाने प्रतिकुल असर।

(३) उपदफा (२) बमोजिमको जानकारी लिइसकेपछि स्रोत उपयोग विवाद निरुपण समितिलेस्रोतको उपयोगको सम्बन्धमा परेको उजुरी छानविन गरि आवश्यक निर्णय गर्नेछ।

## परिच्छेद-७

## संरचनाको सुरक्षा र मर्मत संभार

२६. **गुणस्तर कायम राख्नु पर्ने** : नेपाल सरकारले जलस्रोत ऐनको दफा (१८) बमोजिम खानेपानीको लागि निर्धारणगरेको गुणस्तर पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराउने खानेपानीमा कायम राख्नु पर्नेछ।

२७. **स्रोतलाई प्रदुषित बनाउन नहुने** : पानी आपूर्तिकर्ताले स्रोतमा प्रदुषण हुने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुदैन।

२८. **वातावरणमा उल्लेखनिय प्रतिकुल असर पार्न नहुने** : पानी आपूर्तिकर्ताले वातावरणमा उल्लेखनीय प्रतिकुल असर पर्ने गरी संरचनाको निर्माण तथा अन्य कुनै प्रकारको कार्यहरु गर्न हुदैन।

२९. **परियोजनाको मर्मत** : (१)पानी आपुर्तिकर्ताले आफ्नै स्रोत र साधनको प्रयोग गरी परियोजनाको सामान्य मर्मत गर्नु पर्नेछ।

(२) पानी आपुर्तिकर्ताले आफ्नै स्रोत र साधनले मात्र परियोजनाको मर्मत गर्न नसक्ने भएमा नगरपालिकासँग आर्थिक सहयोग र आवश्यक प्राविधिक सहयोग माग गरी परियोजनाको सामान्य मर्मत गर्नु पर्नेछ।

(३) पानी आपुर्तिकर्ताले परियोजनाको ठूलो मर्मत गर्नु पर्ने भएमा अदक्ष जनशक्ति र स्थानीय निर्माण सामाग्री बालुवा, ढुङ्गा, गिटी आदिउपभोक्ता समिति मार्फत उपलब्ध गराई परियोजनाको मर्मत गर्नु पर्नेछ। मर्मतको लागि दक्ष जनशक्ति, अन्य निर्माण सामाग्री र प्राविधिक सहयोग नै चाहिने भएमा गाउँपालिकाले परियोजनको मर्मत गर्नु पर्नेछ।

(४) पानी आपुर्तिकर्ताले खानेपानी आयोजनाको नियमित र आकस्मिक मर्मतसम्भार गर्नका लागि असुल भएको सेवा शुल्क मध्ये १० प्रतिशत रकम मर्मतसम्भार कोष स्थापना गरी सो कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा ४ बमोजिम स्थापना भएको कोष पानी आपुर्तिकर्ताले मर्मतसम्भार र सेवा विस्तारमा मात्र खर्च गर्नु पर्नेछ।

(६) उपदफा ४ बमोजिमको मर्मतसम्भार कोष सञ्चालन गर्न पानी आपूर्तिकर्ताले कार्यविधि स्वीकृत गरी सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-८
## सेवा सम्बन्धि व्यवस्था

३०. **सेवा उपलब्ध गराउने आधार** : (१) पानी आपूर्तिकर्ताले सेवा उपलब्ध गराउदा देहायका विषयलाइ आधार बनाउनेछ :

(क) भौगोलिक स्थिति,

(ख) जनसंख्या,

(ग) स्रोतमा उपलब्ध हुनसक्ने पानीको परिमाण,

(घ) संरचानाको क्षमता,

(ङ) अन्य प्राविधिक कुराहरु ।

३१. **सेवा उपयोग गर्न प्राथमिकता दिने** : (१) पानी आपुर्तिकर्ताले दफा (३०) बमोजिम निर्धारित आधारहरुको अधिनमा रही देहायका उपभोक्तालाई सेवा उपयोग गर्न प्राथमिकता दिनेछ :

(क) स्वास्थ्य चौकी, अनाथालय, बृद्धाश्रम तथा सामाजिक संस्था,

(ख) बाढी, आगलागी, महामारी रोग व्याध फैलिई वा त्यस्तै अन्य कुनै प्राकृतिक प्रकोप वा विपद्को कारणले अस्थायी रुपमा खडा गरिएको शिविर,

(ग) विद्यालय, छात्रावास, प्रहरी चौकी, सरकारी, अर्द्ध सरकारी वा गैर सरकारी कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवास गृह,

(घ) सर्वसाधरण नागरिकको आवास गृह,

(ङ) अत्यन्त जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

(च) उद्योग तथा कारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरु ।

(२) उपदफा(१) मा लेखिए बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्ताले गाउँपालिका सँग आवश्यक परामर्श गर्नु पर्नेछ ।

३२. **उपभोक्ता हुनको लागि दरखास्त दिनु पर्ने** : (१) पानी आपूर्तिकर्ताबाट सेवा उपयोग गर्न चाहने व्यक्ति वा निकायले पानी आपूर्तिकर्ताले तोकिदिएको ढाँचामा पानी आपूर्तिकर्ता समक्ष दरखास्तदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि पानी आपूर्तिकर्ताले दरखास्तवालाको माग बमोजिम सेवा उपलब्ध गराउन सकिने नसकिने सम्बन्धमा प्राविधिक तथा अन्य आवश्यक कुराहरुको जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा सेवा उपलब्ध गराउन सकिने भएमा सेवा उपलब्ध गराउदा लाग्ने लागत रकमको इष्टीमेट गरी रकम जम्मा गर्न दरखास्त वालालाई म्याद सहितको सूचना गर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिईएको म्याद सहितको सूचना अनुसार दरखास्तवालाले रकम जम्मा गरेमा पानी आपूर्तिकर्ताले त्यस्तो व्यक्तिको नाम उपभोक्ताको सूचीमा समावेश गराई निजलाई सेवा उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा(२) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालालाई सेवा उपलब्ध गराउन नसकिने भएमा त्यसको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पानी आपूर्तिकर्ताको निर्णय उपर चित्त नबुझ्ने दरखास्तवालाले नगरपालिका समक्ष उजुरी दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उजुरी प्राप्त भएपछि गाउँ कार्यपालिकाले सो उजुरी उपर आवश्यक जाँचबुझ गरी उपयुक्त आदेश दिन सक्नेछ र त्यस्तो आदेश सम्बन्धित पानी आपूर्तिकर्ता र उजुरीकर्ता दुवैलाई मान्य हुनेछ ।

३३. **शर्तहरु तोक्ने** : (१) पानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउदा यस ऐन बमोजिम नगरपालिकाले तोकेको शर्तहरु विपरित नहुने गरी आवश्यक शर्तहरु तोक्न सक्नेछ ।

(२) दफा (१) बमोजिम पानी आपूर्तिकर्ताले शर्तहरु तोक्दा गाउँपालिकासँग आवश्यक परामर्श गर्नु पर्नेछ ।

३४. **सेवा कटौती गर्न सक्ने** : (१) संरचनाको क्षमताभन्दा बढी परिमाणमा खानेपानीको माग भई माग अनुसारको सेवा उपलब्ध गराउन नसक्ने अवस्था भएमा पानी आपूर्तिकर्ताले ऐनको दफा (३१) बमोजिम निर्धारित प्राथमिकताको क्रमको आधारमा उपभोक्ताहरुलाई आंशिक वा पूर्णरुपमा सेवामाकटौती गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा कटौती गर्दा पानी आपूर्तिकर्ताले समिति, गाउँपालिकासँग परामर्श गर्नु पर्नेछ ।

३५ **सेवा बन्द गर्न सक्ने** : देहायका अवस्थामा पानी आपूर्तिकर्ताले उपभोक्तालाई प्रदान गरेको सेवा बन्द गर्न सक्नेछ :

(क) उपभोक्ताले सेवा उपयोग गरे वापत बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा,

(ख) उपभोक्ताले पानी आपूर्तिकर्तासँग गरेको सम्झौतामा उल्लेखित कुनै शर्त उल्ङ्घन गरेमा त्यस्तो शर्त पूरा नगरेसम्म,

(ग) संरचना क्षतिग्रस्त भएमा वा हुने संभावना भएमा आवश्यक मर्मत सम्भार नगरेसम्म,

(घ) स्रोत वा संरचनाको पानी प्रदुषित भई वा अन्य कुनै कारणले स्वास्थ्यको दृष्टिकोणले उपयोगी नभएसम्म ।

(ङ) विपतबाट खानेपानीको संरचना क्षति वा ध्वस्त भएमा ।

३६. **सूचना दिनु पर्ने** : दफा (३४) र दफा (३५) को खण्ड (ग), (घ) र (ङ) बमोजिमको कारणबाट उपभोक्तालाई तत्कालै सेवा उपलब्ध गराउन नसकिने अवस्था परेकोमा बाहेक अन्य कुनै कारणबाट सेवा बन्द गर्नु परेमा पानी आपूर्तिकर्ताले कम्तिमा पन्ध्र दिन अगावै सो कुराको सूचना सार्वजनिक रुपमा प्रकाशन गरी त्यसको जानकारी सम्बन्धित व्यक्ति वा निकायहरुलाई दिनु पर्नेछ ।

३७. **उपभोक्ताको कर्तव्य** : उपभोक्ताको कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) आफूले सेवा उपभोग गरे वापत पानी आपूर्तिकर्ताले तोके बमोजिमको सेवा शुल्क समयमा नै पानी आपूर्तिकर्तालाईबुझाउने,

(ख) कसैले सेवा अनधिकृत रुपमा दुरुपयोग गरेको वा खानेपानीको चुहावट गरेको वा त्यस्तो किसिमको क्रियाकलाप अन्यत्र गरेको वा गर्न लागेको कुरा थाह हुन आएमा तत्कालै पानी आपूर्तिकर्तालाई सूचना दिने,

(ग) उपभोक्ता संस्थाले विकास गरेको संरचनाको मर्मत, सम्भार तथा सुरक्षाको कार्यमा पानीआपूर्तिकर्तालाई आवश्यकसहयोग गर्ने ।

३८. **उपभोक्ताले गर्न नहुने कार्य** :(१) उपभोक्ताले देहाय बमोजिमका कार्यहरु गर्नु हुँदैन :

(क) दफा (३७) विपरीत कुनै काम गर्न,

(ख) सेवाको अनधिकृत रुपमा दुरुपयोग गर्न वा खानेपानीको चुहावट गर्न वा त्यस्तो किसिमको अन्य कृयाकलाप गर्न,

(ग) आफूले उपयोग गरिरहेको खानेपानीको लाईनबाट अन्य व्यक्तिलाई अलग्गै त्यस्तो लाइन दिन,

(घ) धारा जडान गर्दा जडान गरिएको जल उपयोग मापक यन्त्र र त्यसमा लगाइएको सिल तोड्न र विगार्न ।

(२) कुनै उपभोक्ताले उपदफा (१) विपरित कुनै काम गरेमा पानी आपूर्तिकर्ताले त्यस्तो उपभोक्तालाई प्रदान गरेको सेवा कटौती गर्न सक्नेछ ।

## परिच्छेद-९

## सेवा शुल्क सम्बन्धी व्यवस्था

३९ .**सेवा शुल्क निर्धारण** : (१) खानेपानी सेवाको महशुल निर्धारण गर्न प्रत्येक बर्ष बैशाख महिनाभित्र उपभोक्ता समिति, सञ्चालक समिति(वोर्ड) वा व्यक्ति तथा संगठित संस्थाले निर्धारण गर्नुपर्ने सेवा तोक्न गाउँपालिकामा प्रस्ताव पठाइ सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव सञ्चालक समिति (वोर्ड) ले कार्यपालिका मार्फत गाउँसभामा पेश भई गाउँसभाले सेवा शुल्क निर्धारण गर्नेछ ।

(३) खानेपानी सेवा शुल्क असुल उपर गर्ने बारे तोके बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## विविध

४०. **निरीक्षक** : (१) परियोजनाको निरिक्षण गर्न गाउँपालिकाले निरीक्षक तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको निरीक्षकले परियोजनाको समय समयमा निरिक्षण गरी देहायका विषयहरुमा पानी आपूर्तिकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिई सो को जानकारी गाउँपालिकामा दिनु पर्नेछ :

(क) स्रोतको भौतिक सुरक्षा तथा प्रतिकुल वातावरणीय असरबाट संरक्षण,

(ख) संरचनाको निर्माण, मर्मत, संभार तथा सुरक्षा,

(ग) स्रोत तथा संरचनामा भएको खानेपानीको परिमाणको लगत राख्ने, खानेपानीको प्रवाह घटाउने, बढाउने तथा खानेपानीको अनधिकृत चुहावट र सेवाको दुरुपयोगबाट बचाउने,

(घ) खानेपानीलाई प्रदुषण हुनबाट बचाउने तथा स्वस्थ्यकर बनाउने,

(ङ) उपभोक्तालाई उपलब्ध गराउने सेवाको व्यवस्थापन, खानेपानी आपूर्ति गर्ने लगायतअन्य प्राविधिक कुराहरु,

(३) उपदफा (२) मा लेखिए देखि बाहेक सेवा सञ्चालन तथा उपयोग सम्बन्धमा गाउँपालिकाले सम्बन्धित पानी आपूर्तिकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम निरीक्षक वा गाउँपालिकाले दिएको आदेश तथा निर्देशन सम्बन्धित पानी आपूर्तिकर्ताले पालना गर्नुपर्नेछ ।

४१. **सल्लाहकार/कर्मचारी व्यवस्थापन** : (१) यस ऐनको प्रभावकारी कार्यान्वयन र सेवासुविधाको गुणस्तर अभिबृद्धि तथा प्रवर्द्धनका लागि आवश्यकतानुसार योग्य तथा अनुभवी व्यक्तिलाई सल्लाहकार/कर्मचारी( निरीक्षक, प्लम्बर, मिटर रिडर, राजश्व संकलक, चौकिदार,का.स.) को स्वीकृतिमा प्रमुख प्रशासकीय अधिकृतले करारमा नियुक्ति गरी काममा लगाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्त सल्लाहकार/कर्मचारीको सेवा, शर्त र सुविधा आपसी सहमतिबाट निर्धारित करार सम्झौताबमोजिम हुनेछ ।

४२. **उजुरी दिन सक्ने** : (१) सेवा उपयोग सम्बन्धमा पानी आपूर्तिकर्ताले दिएको निर्णयमा चित्त नबुझ्ने उपभोक्ताले गाउँ कार्यपालिकाको कार्यालय समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त हुन आएमा गाउँपालिकाको कार्यालयले आवश्यकता अनुसार जाँचबुझ गरि आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिएको आदेश सम्बन्धित पानी आपूर्तिकर्ता वा उपभोक्तालाई मान्य हुनेछ ।

४३. **अनुसूचीमा हेरफेर** : गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

४४. **नियम बनाई लागु गर्न सक्ने** : पानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउने विषयमा ऐनमा उल्लेखित व्यवस्था विपरित नहुने गरी आवश्यकता अनुसार नियम बनाई लागू गराउन सक्नेछ ।

४५. **जलस्रोतलाई प्रदुषित गर्न नहुने** : (१) गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशित गरि जलस्रोतको प्रदुषण सहन-सीमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलस्रोतको प्रदुषण सहन-सीमा नाघ्ने गरी कसैले पनि कुनै किसिमको फोहोरमैला, औधोगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्नु हुदैन ।

(३) कुनै जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्बन्धमा तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

४६. **वातावरणमा उल्लेखनिय प्रतिकुल असर पार्न नहुने** : जलस्रोतको उपयोग गर्दा भू-क्षय, बाढी,पहिरो वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

४७. **अनुमतिपत्र खारेज गर्न सकिने** : (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम तोकिएको अवधि भित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

४८. **दण्ड सजायः** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ती समेत भराई दिन सक्नेछ ।

(२) कसैले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँचहजार रुपैयासम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस ऐन बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असुल गरी निजलाई विगो बमोजिम जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियत साथ कुनै खानेपानीको मुहान, बाँध, नहर वा जलस्रोतको उपयोगसितसम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम,

कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको बिगो असुल गरि निजलाई बिगो बमोजिम जरिवाना वा दश बर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

४९. **पुनरावेदन** : यस ऐन बमोजिम दिएको क्षतिपूर्तिको रकममा वा दफा (४६) बमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा दफा (४७) को उपदफा (१), (२) वा (३) बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिन भित्रउच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५०. **नियम बनाउने अधिकार** : (१)यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी नगरपालिकाले खास गरी देहायका विषयमा नियमहरु बनाउन सक्नेछ :

(क) खानेपानी, सिंचाई, जल यातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्बन्धी उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग सम्बन्धी कुराहरु,

(ख) जलस्रोतको प्रदुषण रोक्ने सम्बन्धी विषयहरु,

(ग) वातावरण सम्बन्धी कुराहरु,

(घ) जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत गाउँपालिकालाई बुझाउनु पर्ने शुल्क, दस्तुर इत्यादिसँग सम्बन्धित कुराहरु,

(ङ) जलस्रोतका विभिन्न उपयोगका तरिकाहरु,

(च) जलस्रोतको उपयोगबाट उत्पन्न सेवाको स्तर निर्धारण सम्बन्धि कुराहरु,

(छ) जलस्रोतको उपयोगबाट हुनसक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपूर्ती सम्बन्धि विषयहरु,

(ज) उपभोक्ता संस्था र उपभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्तालाई संरक्षण र सुविधा दिने विषयहरु,

(झ) जलस्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य आवश्यक कुराहरु ।

५१. **खारेजी र बचाउ** : यो ऐन लागू हुनुभन्दा अगाडि संघीय, प्रदेश सरकार, गाउँपालिका वा अन्य निकायले निर्माण गरि सञ्चालन भइरहेका खानेपानी तथा सिंचाई कुलोहरु यसै ऐन अन्तर्गत निर्माण र सञ्चालन भएको मानिनेछ ।

आज्ञाले,
महेश राई
प्रमुख प्रशासकीय अधिकृत